International Research Journal of MMC (IRJMMC)

Vol- 5, No. 5, December 2024 | ISSN 2717-4999 (Online) | 2717-4980 (Print)

# पासो कथाको अभिघात विश्लेषण

## (The Trauma Analysis of '*Paso*' Story)

**BINDU SHARMA**

*Author affiliations can be found in the back matter of this article

**CORRESPONDING AUTHOR**
**Bindu Sharma**
Ratna Rajyalaxmi Campus
bindu2033@gmail.com

*KEYWORDS*

अभ्याहत (Exasperation)

आघात (Shock)

जलन (Irritation)

तनाव (Stress disorder)

ध्वंसात्मक (Destructive)

प्रस्थान (Departure)

*ABSTRACT*

प्रस्तुत लेख माया ठकुरीको 'पासो' कथाको अभिघात विश्लेषणमा आधारित छ । यसमा मूल समस्याको समाधानका लागि कथामा देखिएको पूर्व अभिघात अवस्था, अभिघातका घटना र कारण तथा उत्तर अभिघात अवस्था जस्ता प्रतिमानको उपयोग गरिएको छ । प्रस्तुत लेखको सैद्धान्तिक ढाँचाको मूल आधार अभिघात समालोचनाअन्तर्गत क्याथी क्यारुलको *अन्क्लेइम्ड एक्स्पेरिएन्सः ट्रमा न्यारेटिभ एन्ड हिस्ट्री (१९९६)* कृतिमा प्रस्तुत सिद्धान्त रहेको छ । व्यक्तिको जटिल मानसिक स्वास्थ्यसम्बद्ध विषय रहँदारहँदै पनि अभिघात सिद्धान्तलाई अन्तरविषयक समालोचना पद्धतिका रूपमा साहित्यले सहजै अङ्गीकार गरेको छ । समालोचनाका क्षेत्रमा अभिघात समाजमा राजनीतिक वा सांस्कृतिक तथा व्यक्तिगत वा मनोवैज्ञानिक कारणबाट पात्रमा सिर्जित तनाव र विच्छिप्तावस्थाका आधारमा कृतिको विश्लेषण गर्ने सिद्धान्त हो । यसले साहित्यिक पाठमा रहेका पूर्व अभिघातको स्वरूप, अभिघात अवस्थाका घटना र कारण तथा अभिघातपश्चातको असन्तुलित स्थितिको खोजी गरी तिनको मनोवैज्ञानिक ढङ्गले विश्लेषण गर्ने काम गर्दछ । कुलत र आफैँले निम्त्याएको सामाजिक पारिवारिक दुर्घटनाबाट सिर्जित मानसिक चोटले पुऱ्याएको चेतनाको क्षति चित्रण गरिएको प्रस्तुत कथामा पात्र आफ्नो जीवनको सामान्य दैनिकीबाट कुटिलता र जालझेलतर्फ प्रस्थान गरेकै कारण अभ्याहत बनेको देखिन्छ । 'पासो' कथाको अभिघात विश्लेषणअन्तर्गत यस लेखमा पूर्वअभिघात अवस्था, अभिघातका घटना र कारण तथा उत्तर अभिघात अवस्थाको विश्लेषणका माध्यमबाट कथा अभिघातका चरण प्रकटीकरणका दृष्टिले नियमितताको समुचित निर्वाह गर्दै सोही अनुरूपका घटनाक्रम र पात्रको मनोदशा चित्रण गर्न सफल रहेको निष्कर्ष निकालिएको छ ।

Vol- 5, No. 5, December 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

[This article is based on the trauma analysis of Maya Thakuri's story 'Paso'. In this, paradigms such as pre-traumatic conditions, traumatic events and causes, and post-traumatic conditions have been used in the story to solve the main problem. The theoretical framework of this article is based on the theory presented in Kathy Carroll's Unclaimed Experience: Trauma Narrative and History (1996) under the title Trauma Criticism. Despite being a complex subject related to the mental health of an individual, trauma theory has been readily adopted by literature as an interdisciplinary critical method. In the field of criticism, trauma is a theory of analyzing a work based on the tension and dislocation created in the character due to political or cultural and personal or psychological reasons in society. It works by searching for the form of pre-trauma in the literary text, the events and causes of the traumatic state, and the unbalanced state after the trauma and analyzing them psychologically. In the present story, which depicts the loss of consciousness caused by mental trauma caused by addiction and self-inflicted social and family accidents, the character seems to have become a victim because he departed from the normal daily life of his life towards deviousness and deceit. Under the trauma analysis of the story 'Paso', this article concludes that the story has succeeded in depicting the sequence of events and the mood of the characters in a manner that is consistent with the regularity in terms of revealing the stages of trauma, through the analysis of the pre-traumatic state, the events and causes of the trauma, and the post-traumatic state.]

## १. विषय परिचय

अभिघात (Trauma) भनेको मानिसको जीवनमा भएको त्यस्तो दुर्घटना हो जसले शरीरमा गम्भीर क्षतिसहितको चोट वा आघात दिन्छ । ‘ट्रमा’ शब्दको पहिलो प्रयोग सत्रौँ शताब्दीमा चिकित्सा विज्ञानमा गरिएको थियो । त्यति बेला यसले शरीरमा लागेको बाहिरी चोटलाई मात्र बुझाउँथ्यो । सन् १८९५ को *पपुलर साइन्स* नामक मासिक पत्रिकामा यसलाई ‘मानसिक आघात र स्वाभाविक मानसिक परिस्थितिमा आएको विकृति’ भन्ने अर्थ दिइएको पाइन्छ । शारीरिक र मानसिक दुःख एवम् चिन्तासँग सम्बन्धित हुने भएकाले यो व्यक्तिले आफैँलाई नियन्त्रण गर्न नसकिने जटिल मानसिक अवस्था हो । फ्रायडले अभिघात शारीरिक र मानसिक दुवै हुने बताएका छन् (भट्टराई, २०६४, पृ. २३१) । फ्रायडकै पालादेखि अध्ययन र विश्लेषण हुँदै आएको अभिघात पात्रहरूमा सामान्य मानसिक विचलनका साथै जटिल प्रकृतिको विच्छिन्नता र सन्काहापन सिर्जना गरी विचलित र विस्मृतिको मनस्थितिमा पुऱ्याउने अवस्था हो । दोस्रो विश्वयुद्ध र त्यसले गरेको विध्वंसका घटनाहरूले सिर्जेका पात्रलाई आधार बनाएर गरिएका अध्ययनहरूबाट अभिघात सिद्धान्तले बलियो आधार प्राप्त गरेको छ । यसले फ्रायडको

मानसिक अभिघात सिद्धान्तलाई साहित्यिक विषयसँग जोडेर अध्ययन गरेको छ।

मानसिक आघात सिर्जना गर्ने चोट र त्रासका केन्द्रमा व्यक्तिगत, पारिवारिक वा सामाजिक घृणा, हिंसा र पूर्वाग्रह, मातापिता वा घनिष्ट व्यक्तिको मृत्यु, अति नजिक ठानिएको व्यक्तिले दिएको धोका, परिवारको आर्थिक स्थितिमा आकस्मिक रूपमा आएको ह्रास, मातापितासितको सम्बन्धविच्छेद, युद्धमा भोगेका यातना, भय वा विस्थापन, नियन्त्रणहीन तीव्र संवेग, मद्यपान र लागुऔषधि सेवन, बहुगमन, बलात्कार, बेरोजगारी, द्वन्द्व, शरणार्थी वा महत्त्वाकाङ्क्षाका कारण प्रवासिनु र एक्लिनु आदि पक्षहरू हुन सक्छन्। यस्ता समस्याबाट पीडित व्यक्ति मनोरोगी हुन सक्छ । यसले गर्दा व्यक्तिमा समूहबाट टाढिने, एक्लिने, विच्छिप्त बन्ने, बर्बराउने जस्ता अवस्थाहरू देखा पर्छन् । यसका साथै समाज र परिवारको असहयोगले परिवारबाट बहिष्कृत हुने र असक्षमता देखिने हुनाले अभ्याहत पात्रहरू समाजका खराब तत्त्वहरूसित सम्बन्ध राखेर, अन्तरक्रिया गरेर, पेसा परिवर्तन गरेर समायोजित हुन खोज्छन् तर अन्तमा असफल बन्दछन्। चिकित्साविज्ञानको विषय रहेको अभिघात सिद्धान्तलाई साहित्यिक समालोचनामा उपयोग गरेकी क्याथी क्यारुलले अभिघात सिद्धान्तको प्रयोगबाट साहित्यिक कृतिको विश्लेषण हुने मात्र नभई कृतिभित्र अभिघातको पठन र पुनर्पठन समेत गर्न सकिने बताएकी छन् । उनका अनुसार अभिघात भनेको प्रत्येक रात दोहोरिने दुःस्वप्न र ऐँठन हो (सन् १९९६, पृ. २)। समालोचनामा सन् १९९० को दशकबाट नयाँ र परिवर्तित सिद्धान्तका रूपमा स्थापित अभिघात सिद्धान्तले 'उत्तर अभिघात तनाव अव्यवस्था'मा देखिने विचलित मानसिक स्थिति र जटिल शारीरिक प्रतिक्रियालाई विश्लेषणको केन्द्रमा राखेको हुन्छ।

आधुनिक नेपाली कथाको प्रारम्भमै देखिएको मनोविश्लेषणात्मक प्रवृत्तिले २०४६ सालपछिको अवधिमा पनि निरन्तरता पाइरहेको छ । प्रारम्भिक चरणमा देखा परेको पात्रका व्यक्तिगत वा मानसिक विचलनजस्ता अभिघात राजनीतिक विकृति चरममा पुगेको, विभेद बढ्दै गएको र प्रजातन्त्र एउटा गुटको पेवा बन्दै गएको वर्तमान परिवेशमा विविध स्वरूपमा उद्घाटन भइरहेको छ । माया ठकुरीको 'पासो' कथा *माया ठकुरीका कथाहरू* (२०४८) कृतिमा सङ्कलित छ । यसमा भोगविलासका लागि जसरी पनि पैसा कमाउनुपर्ने पुँजीवादी मानसिकता र व्यक्तिको स्वार्थका कारण पात्रको मनोदशा अभिघातपूर्ण बनेको देखाइएको छ । पैसा कमाउने लोभमा केटी बेच्ने दलाललाई आफ्नै दाइको छोरा बनाएर घरमा भित्र्याई उसैको योजनामा गाउँका किशोरीलाई भारतमा बेच्दै आएको बमबहादुर अन्तिम उक्त दलालले आफ्नै छोरी लिएर हिँडेपछि असामान्य अवस्थामा पुगेको छ । समाजमा अभिघात सिर्जनाका कारणहरू भिन्न भिन्न रहेकाले यस कथामा पनि तिनको केही प्रतिबिम्ब देख्न पाइन्छ। त्यसैले 'पासो कथामा अभिघातको विश्लेषण अनुसन्धानका निम्ति उपयुक्त विषय हो।

## २. समस्या कथन

नेपाली कथामा अभिघातको विश्लेषण अधिकांशतः युद्धसित सम्बन्धित रहेको पाइन्छ। युद्ध अभिघाततर्फ गोविन्दराज भट्टराईले र डायस्पोरिक कृतिका पात्रले भोगेका अभिघातका सन्दर्भमा गोविन्दराज भट्टराई (२०६४), कृष्ण गौतम (२०६४), नेत्र एटम (२०७०) जस्ता समालोचकहरूले प्रायोगिक भूमिका खेलेका छन् तर व्यक्तिगत तथा मनोवैज्ञानिक अभिघातमा मोहनराज शर्मा (२०६६) ले मात्र कलम चलाएका छन् । भट्टराईको समालोचना माओवादी सशस्त्र विद्रोहका कारण सिर्जित अभिघातमा मात्र केन्द्रित रहेको छ र कतिपय सन्दर्भमा त्यो आक्षेपमूलक एवम् युद्धको एकपक्षीय विश्लेषणमा मात्र सीमित भएको पनि देखिन्छ। एटमको अध्ययन डायस्पोरिक नेपाली कथाका सन्दर्भमा महत्त्वपूर्ण छ । शर्माको समालोचनाले अभिघात विश्लेषणको कुनै प्रारूप दिन सकेको छैन र त्यसमा केवल पात्रहरूको सामान्य मनोविश्लेषण मात्र भएको छ। बिन्दु शर्मा (२०६८) ले कथाको अभिघात विश्लेषणका क्रममा आत्मपरिचय

स्थापना, आत्मउपचारको सम्भावना र व्यक्तित्त्व रूपान्तरणका पर्याधारबाट कथाको विश्लेषण गरेकी छन् । शान्तिमाया गिरी (२०७५) ले अभिघातका प्रकार र अभिघातलेखनको उद्देश्यका आधारमा आधुनिक नेपाली कथाको विश्लेषण गरेकी छन् तर उनको अध्ययनमा माया ठकुरीको 'पासो' कथाको मूल्याङ्कन भने गरिएको छैन । माया ठकुरीका कथामा पात्रहरुको मानसिक आघातलाई विषय बनाई तिनको असामान्य क्रियाकलापको चित्रण पाइन्छ । उनको 'पासो' कथाको प्रमुख पात्र पनि मनोविश्लेषणसँग जोडिएर आएको हुनाले यसमा पूर्व अभिघात अवस्था, अभिघातका घटना र त्यसका कारण तथा उत्तर अभिघात अवस्थाको सघन प्रस्तुति छ तर उक्त कथाका पात्रको अभिघात विश्लेषण नभएको हुँदा क्षेत्र रिक्त रहेको देखिन्छ । अतः 'पासो' कथाका पात्रमा कस्तो प्रकृतिको अभिघातको उद्घाटन गरिएको छ र त्यसलाई कथानकसँग कसरी संयोजन गरिएको छ भन्ने जिज्ञासा प्रस्तुत अध्ययनमा रहेका छन् ।

## ३. उद्देश्य

प्रस्तुत अध्ययको उद्देश्य माया ठकुरीको 'पासो' कथाका पात्रमा अभिव्यक्त अभिघातको प्रकृति पहिचान गरी त्यसलाई अभिव्यञ्जित गर्ने कथानकीय शिल्पको खोजी गर्नु हो । यस क्रममा 'पासो' कथामा महिला बेचबिखनमा संलग्न दलालको प्रलोभन र जालझेलको पासोमा परेको पात्रको अभिघात हुनुपूर्वको अवस्था, अभिघातको कारणका रूपमा रहेको घटना र उत्तर अभिघात अवस्थाको पाठपरक व्याख्या गरेर पुष्टि गरिएको छ ।

## ४. अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक शोधविधिमा आधारित छ । यसमा प्रथमिक सामग्रीको सङ्कलन माया ठकुरीको 'पासो' कथाका पात्रका क्रियाकलाप, चिन्तन, व्यवहार र अन्तरक्रियालाई प्रस्तुत गर्ने भाषिक संवाद, मनोभाव, बिम्ब र प्रतीकका रूपमा रहेका सन्दर्भहरूबाट गरिएको छ । यसरी सामग्री लिँदा अभिघातको विश्लेषणका निम्ति उपयुक्त प्रसङ्गमा मात्र सोद्देश्यमूलक नमुना छनोट पद्धति प्रयोग भएको छ । यस अध्ययनमा द्वितीयक सामग्रीका रूपमा कथामा अभिघात विश्लेषणका लागि आवश्यक सैद्धान्तिक ग्रन्थ, कथाविश्लेषणका आधार भएका अनुसन्धानात्मक लेख र समालोचनात्मक लेख उपयोग गरिएको छ भने समस्या समाधानका लागि क्याथी क्यारुलको अभिघात विश्लेषणको सिद्धान्तलाई प्रमुख आधार बनाइएको छ । यसमा सामग्री विश्लेषणका लागि मूलतः पाठविश्लेषण पद्धति उपयोग गरिएको छ । कथाका पात्रको पूर्व अभिघात अवस्था, अभिघात हुनुको घटना र कारण तथा त्यसबाट पात्रमा परेको मानसिक प्रभावको विश्लेषणमा मात्र यस अध्ययनलाई सीमित गरिएको छ ।

## ५. विश्लेषणको सैद्धान्तिक ढाँचा

अभिघात मूलतः कटु अनुभव, चोट, मानसिक आघात आदिबाट उत्पन्न हुने जटिल मनोवैज्ञानिक प्रतिक्रिया हो । यो कुनै पनि किसिमको हिंसा, भय, त्रास र व्यक्तिगत सम्बन्धले पारेको मानसिक र शारीरिक असरको प्रभाव पनि हो । *इन्कार्टा डिक्सनरी* (सन् २००९) ले यसलाई (१) शरीरमा भएको भौतिक चोट र (२) भावनात्मक आघात पुऱ्याएर दीर्घकालीन मनोवैज्ञानिक असरहरू पार्ने अत्यन्त ध्वंसात्मक अनुभव भनेर अथ्र्याएको छ । यसको पहिलो अर्थ चिकित्साविज्ञानसित सम्बन्धित छ भने दोस्रो अर्थ साहित्यिक समालोचनामा प्रयुक्त हुने खालको देखिन्छ । मानसिक घाउ बनाउने पीडादायी अनुभूतिका रूपमा लिइने हुँदा अभिघात शारीरिक कष्टभन्दा पनि मानव मनोविकारसँग सम्बन्धित रहेको बुझिन्छ (गिरी, २०७५, पृ. २९) । साहित्यमा प्रयुक्त अभिघातमा मानसिक र शारीरिक दुवै प्रतिक्रिया देखिन्छन् । कुनै एउटा मात्र प्रतिक्रिया देखा परे पनि त्यो मूलतः मानसिक र सामान्यतः शारीरिक अवस्थासँग सम्बन्धित हुन्छ । साथै अभिघात एकैचोटि चमत्कार भए जसरी देखिने नभई पात्रका मानसमा गडेर रहेका चोटले बिस्तारै शारीरिक क्रियाकलापमा प्रभुत्व जमाउन थालेपछि देखा पर्छ । त्यसैले यसको

विश्लेषणका लागि अभिघातको अवस्था मात्र हेरेर हुँदैन (शर्मा, २०६८, पृ. ११६) । यसका लागि पूर्व अभिघात अवस्था, अभिघातका घटना र कारण एवम् उत्तर अभिघात अवस्था जस्ता चरणहरूको क्रमिक विश्लेषण गर्नुपर्छ ।

अभिघात सिद्धान्तको आधुनिक दृष्टिकोण निर्माणमा डेरिडा र अमेरिकाको 'यल स्कुल' को महत्त्वपूर्ण भूमिका छ । साथै पौल डिम्यान, हिलिस मिलर र ह्यारोल्ड ब्लुमहरूको पनि यसमा योगदान रहेको छ । विश्लेषणकै प्रारूपका सन्दर्भमा डेरिडाले कष्ट र विपद भोग्ने व्यक्तिहरूका विलाप, आफ्ना मृतकप्रतिको संवेदना र विषाद चेतनाको अध्ययनमा जोड दिएका छन् (भट्टराई, २०६४, २३१) । अभिघात राजनीतिक वा सांस्कृतिक एवम् व्यक्तिगत वा मनोवैज्ञानिक गरी दुई कारणबाट सिर्जना हुने गर्दछ । राजनीतिक र सांस्कृतिक कारणबाट सिर्जित युद्ध, वैचारिकता, धार्मिक आस्था आदिका आधारमा हुने हिंसाले व्यक्तिलाई विच्छिप्त बनाएपछि राजनीतिक वा सांस्कृतिक अभिघात देखा पर्छ । ठुलाठुला युद्धले उत्पन्न गरेका आमहत्या, नरसंहार र त्यसबाट बाँचेका पात्रले गरेको बयान तथा तिनका अनुभूतिमा आधारित आख्यानबाट राजनीतिक र सांस्कृतिक अभिघात देखा परेको हो (शर्मा, २०६८, पृ. ११५) । पात्रका व्यक्तिगत आचरण तथा वैयक्तिक हिंसाका कारण देखा पर्ने व्यक्तिगत वा मनोवैज्ञानिक अभिघातले पारिवारिक तनाव, प्रेममा धोका, यौनहिंसा, बलात्कार, शारीरिक चोट वा घाउका कारण परेको मानसिक स्वास्थ्यको असरलाई देखाउँछ ।

पाश्चात्य समालोचनामा अभिघात साहित्य विश्लेषणका लागि विभिन्न समालोचकहरूले आ–आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । क्यारोल क्रिस्ट (सन् १९८६) ले नारीद्वारा लिखित कृतिका अभ्याहत नारी पात्रलाई केन्द्रमा राखेर नारीको आत्मपरिचय खोज्नका लागि पात्रका शून्यता (nothingness), बिउँझाइ (awakening), अन्तर्दृष्टि (insight) र नयाँ नाम (new name) जस्ता चार अवस्था हेर्नुपर्ने विचार व्यक्त गरेकी छन् । अभिघातलाई यौन हिंसाका केन्द्रीयतामा हेरेकी जुडिथ लेविस हर्मन (सन् १९९२) ले यौनहिंसामा परेका पीडितहरूमा शारीरिक र मानसिक रूपले स्वस्थ रहन गरिने आत्मउपचारका लागि अपनाइने तरिकाका बारेमा चर्चा गर्दै आफ्नो जीवनको सुरक्षाको स्थापना, स्मृति र दुःखद अनुभूति अरूलाई सुनाउनु र दैनिक जीवनमा सम्बन्ध स्थापना जस्ता तीन अवस्था देखाएकी छन् । क्याथी क्यारुलले अभिघात विश्लेषणका लागि कृतिमा अभिव्यक्त पात्रको अभिघातको क्रमिकतालाई आधार मानेकी छन् । यसका साथै उनले हिंसा (violence), इतिहास (history), यौनिकता (sexuality), शरीर (body), मन (psyche), महिला (woman), जाति (race), राष्ट्र (nation) जस्ता उपकरणहरू पनि प्रयोगमा आउने बताएकी छन् । उनले विश्लेषणमा आउने मूल ढाँचाका रूपमा भने पात्रको व्यक्तित्व रूपान्तरणका प्रस्थान (departure), पतन (falling), जलन (burning) र उद्बोधन (awakening) गरी चारओटा स्तरलाई लिएकी छन् (सन् १९९६, पृ. ५) । जोय इर्लिकमन मिलर (सन् २०००) ले कृतिका पात्रको अभिघात विश्लेषणका लागि 'आवेगकेन्द्रित सामना' (emotion focused coping) नामको ढाँचा प्रस्ताव गरेकी छन् । प्रस्तुत अध्ययनमा कथा विश्लेषणको ढाँचाका रूपमा अभिघात समालोचनाले प्रस्तुत गरेका अभिघातका चरणहरूमा पूर्व अभिघात अवस्था, अभिघातका घटना र कारण तथा उत्तर अभिघात अवस्थालाई उपयोग गरिएको छ ।

## ६. नतिजा र विमर्श

माया ठकुरी (२००४) महिला उत्पीडनलाई केन्द्रमा राखेर कथा लेख्ने समसामयिक कथाकार हुन् । उनका *नजुरेको जोडी* (२०३०), *गमलाको फूल* (२०३३), *साँधु तरेपछि* (२०३९), *चौतारो साक्षी छ* (२०४६), *माया ठकुरीका कथाहरू* (२०४८) र *आमा जानुहोस्* (२०६४) गरी छओटा कथासङ्ग्रह प्रकाशित छन् । 'पासो' कथामा उनले दलालसँग मिलेर गाउँका किशोरीहरू भारतमा बिक्री गरिरहेको बमबहादुर पात्र अन्त्यमा उक्त दलालले आफ्नै छोरी भगाएपछिको

मानसिक आघातका कारण अभ्याहत हुन पुगेको घटनालाई मर्मस्पर्शी अभिव्यक्ति दिएकी छन् । प्रस्तुत कथामा सामाजिक यथार्थको चित्रण गर्ने क्रममा धोका र पश्चातापका कारण पात्रको मानसिकतामा परेको अभिघातको उद्घाटन भएको छ । यस कथाको पात्र बमबहादुरलाई यहाँ पात्रमा अभिघात सिर्जना हुनुअघिको अवस्था, ऊ अभ्याहत हुनुपर्ने घटना र कारण तथा अभिघातले उसको मानसिकतामा पारेको अस्वाभाविक प्रभावका आधारमा विश्लेषण गरिएको छ जसलाई (१) पूर्व अभिघात अवस्था, (२) अभिघातको घटना र कारण, तथा (३) उत्तर अभिघात अवस्था गरी अभिघात विश्लेषणका तीनओटा उपकरण प्रयोग भएका छन् ।

### ६.१ पूर्व अभिघात अवस्था

अभिघातको पहिलो चरण मानिएको पूर्व अभिघात अवस्था अभिघात देखा पर्नुभन्दा पहिलेको स्वाभाविक स्थिति हो । यसले शारीरिक वा मानसिक चोट पुग्नुअघिको पात्रको सामान्य व्यवहार, चरित्र, जीवनपद्धति, सोचाइ आदिका आधारबाट हुनसक्ने दुर्घटनाको दिशालाई सङ्केत गर्दछ । कुनै पनि दुर्घटनाको चोटका भोक्ताका साथै द्रष्टा र कर्ताका मनमा हिंसाजन्य घटनाका कारण मानसिक आधात पुग्नुभन्दा अघिको अवस्था नै पूर्व अभिघात अवस्था हो (गिरी, २०७५, पृ. ३५) । कतिपय अवस्थामा पात्रका महत्त्वाकांक्षा, असचेतता, निर्दोषपन, धूर्तता आदि नै उसको जीवनका अभिशाप बनेर आउन सक्ने सम्भावना पनि यस चरणमा देखिन सक्छन् । लामो समयदेखि युद्धरत भियतनामका योद्धाहरूमा लडाइमा संलग्न भएका कारण तनावका लक्षण देखिन थालेपछि यस्तो लक्षणलाई अभिघात हुनुपूर्वको अर्थात् युद्धमा संलग्न हुँदाको अवस्थाका आधारमा विश्लेषण गरिएको थियो । त्यसैले अभिघात विश्लेषणका लागि यस अवस्थाको सूक्ष्म अध्ययन जरुरी हुन्छ ।

माया ठकुरीको 'पासो' कथाको प्रमुख पात्र बमबहादुर आफ्नै कर्तुतका कारण अन्त्यमा अभिघातको स्थितिमा पुगेको छ । कथामा भगतेलाई लिएर एकाबिहानै बोको खोज्न हिँडेका बखत बोकाको मूल्य जति नै बढ्दा पनि वास्ता नगरेको देखिनु र बोकाको पैसा तिर्न विजयबहादुर छँदै थियो भन्नुले उसको छवी प्रारम्भ मै शङ्कास्पद देखिन्छ । कथामा अठार उन्नाइस वर्ष विदेशी सेनामा जागिर खाएर गाउँमा फर्किएको ऊ शरीरको बल र वैँश विदेशमै सिध्याएर आएको बताइएको छ । पेन्सन बुझेर घर फर्किँदासम्म खल्ती रित्याइसक्ने ऊ पछिल्लो पटक पेन्सन बुझ्न गोरखपुर गएका बेला साथीहरूलाई छोडेर एकातिर भुलेको छ । घरायसी काममा देखिएको उसको उदासीनताले पनि उसको गैरजिम्मेवार र आत्मकेन्द्रित स्वभावलाई सङ्केत गर्दछ । चरित्रमा स्वच्छन्दता र स्वाभाविकता पनि ज्यादा भएको ऊ जीवनलाई आफ्नै किसिमले भोग्ने पात्र हो । मनोविश्लेषणका लागि अत्यन्त प्रभावकारी मानिने यस्तो स्वभावका पात्र चरित्र वर्गीकरणका आधारमा गोला प्रकारका पात्रमा समेटिन्छन् (बराल र एटम, २०६६, पृ. २८) । रक्सी खाने र जुवा खेल्ने उसको मनमौजी बानीका कारण उसले घरका भाँडाकुँडा र स्वास्नीका गहनासमेत जुवामा हारिसकेको छ । पैसा हुँदासम्म घरबाहिर मोजमस्ती गर्दै महिनौँ सम्पर्कविहीन हुने उसको चरित्रले कथामा ऊ पैसाको मामलामा कमजोर रहेको देखिन्छ । यिनै कमजोरीका कारण कुनै पनि समय बमबहाहुरको जीवन दुर्घटित हुन सक्ने सम्भावनातर्फ पाठकलाई डोऱ्याउनका लागि कथामा उसको अवस्थाबारे यस्तो टिप्पणी गरिएको छ— हुन पनि विजयबहादुरसँग बमबहादुरको भेट नहुँदासम्म बमबहादुरको घरेलु अवस्था साह्रै नराम्रो थियो । घरको छानो घरी छाउन सकेको थिएन उसले । उसलाई र उसको परिवारलाई बिहान बेलुकाको छाक टार्न पनि धौ धौ पर्दथ्यो (ठकुरी, २०४८, पृ.९६) । घरको यस्तो दुरावस्था र उसको रसरङमा रमाउने स्वभावले पनि उसको जीवन सकारात्मक वा नकारात्मक एउटा परिणतिमा त पुग्नै पर्थ्यो । सोहीअनुरूप पैसाको प्रलोभनमा परेर ऊ केटी बेच्ने दलालसँग सहकार्य गर्न पुगेको हो । यसरी कथाको प्रारम्भ मै चित्रित उसको बानीव्यवहार र बिग्रँदो आर्थिक अवस्था नै प्रस्तुत कथाको पूर्व

अभिघात अवस्था हो, जसले पाठकमा अब के हुन्छ भन्ने जिज्ञासासँगै उसको जीवन दुर्घटित पो हुन्छ कि भन्ने आशङ्का पनि पैदा गरेको छ।

## ६.२ अभिघातका घटना र कारण

पात्रमा अभिघात हुनका लागि ऊ कुनै दुर्घटनामा परेको हुन्छ वा दमन, घृणा, किनारीकृत अवस्था आदि अन्य कारणहरू हुन सक्छन्। यस्ता आघात र चोट पुऱ्याउने घटना घटेको अवधिमै पात्रमा अभिघात हुनुका कारण पनि खुल्दै जान्छन्। वास्तवमा पूर्व अभिघात अवस्था र उत्तर अभिघात अवस्थाका बिचको यही अवधिमा नै अभिघातका घटना र कारणहरू देखा पर्न थाल्छन्। पात्रको जीवनका गतिशीलतामा अवरोध आएपछि देखा पर्ने यस अवस्थालाई क्याथी क्यारुलले प्रस्थान (departure) भनेकी छन् (सन् १९९६, पृ. ६—७) र यो भनेको अभिघातमा चोटको पहिलो स्वरूप हो। जुडिथ लेविस हर्मनले चाहिँ यसलाई जीवन सुरक्षाको स्थापनाको चरणका रूपमा लिएकी छन् (शर्मा, २०६८, पृ. ११९)। पात्रमा सुरक्षाको प्रत्याभूति नहुँदाको भय पनि रहिरहने यस चरणले पात्रलाई सोचेकोभन्दा फरक मोडमा पुऱ्याउँछ।

'पासो' कथाको पात्र बमबहादुर अभ्याहत हुनुको प्रमुख कारण उसको रक्सी र जुवाको कुलत हो। यही कुलतजन्य दुर्घटनाका कारण उसको जीवनको गतिशीलतामा अवरोध आएको छ। भएको आम्दानी कुलतमा सिध्याउनु र आर्थिक उपार्जन हुने काम नगर्नुले नै उसको अवस्था बिग्रँदै गएको हो। 'रक्सी र जुवा भनेपछि आँखा चिम्लेर अघि सर्दथ्यो बमबहादुर। त्यसै कारण घरमा भएका अलिकता भाँडाकुँडा पनि बेचेर सिध्याइसकेको थियो उसले। बमबहादुरकी पत्नी ...र छोराछोरीको दुर्गति थियो' (९७) भन्ने समाख्याताका अभिव्यक्तिले पनि उसको परिवारको आर्थिक अवस्था जर्जर बनेको सङ्केत पाइन्छ। यही अवस्थाबाट सुरक्षा खोज्न र आफ्ना कुलतको आवश्यकता परिपूर्तिका लागि ऊ अर्को खराब बाटामा लागेको हो। यसले नै उसलाई विच्छिप्त अवस्थासम्म पुऱ्याएको

छ। गोरखपुरबाट पेन्सन बुझेर फर्किँदा बाटामा भेटेको दलाल विजयबहादुरलाई धेरै पहिले अर्काकी स्वास्नी लिएर गाउँबाट बेपत्ता भएको दाजु हुमबहादुरको छोरो बनाएर गाउँमा भित्र्याउनु नै उसको अभिघातको अर्को कारण हो। त्यसपछि विजयबहादुरले देवस्थानमा बोको चढाउने बहाना गरी सबै गाउँलेहरूलाई निम्त्याएर भोज ख्वाउनु, बिस्तारै उनीहरूसँग आत्मीय सम्बन्ध बनाउनु, गाउँकी किशोरी जमुनीलाई बिहे गरेर भारत लैजानु, बिहे गरेको दुई महिना पनि नबित्दै ज्वरोका कारण जमुनी मरेको खबर आउनु, त्यसपछि लक्ष्मीलाई बिहे गरेर लैजानु, लक्ष्मी दुई जिउकी भएको बहाना बनाएर आफू मात्र गाउँ आई लक्ष्मीले बोलाएकी छ भनेर सरस्वती र मैनालाई पनि लिएर जानु यस चरणका त्यस्ता घटनाहरू हुन्, जसले बमबहादुरको बेइमानी चरमतिर पुग्दै गरेको अवस्थालाई देखाएका छन्। अन्तिममा बमबहादुरलाई पल्लो गाउँमा बोको खोज्न पठाएर यता विजयबहादुर उसैकी छोरी कमलीलाई लिएर गएपछि उसमा अभिघात देखा परेको छः

> 'खै, भतिजा केटो के गर्दै छ, त्यसलाई पनि पठा यतैतिर', हिममायाले रिकाबीमा मुलाको अचार राखेर लोग्नेको अघिल्तिर राखिदिएपछि भनेको थियो बमबहादुरले। 'बिहान भात खाएपछि त गै गए नि उनीहरू', हिममायाले सहज स्वरमा भनेकी थिई। 'बिहानै गए...! हैन कसको कुरा गर्छे यसले ?' हिममायाको कुरा सुनेर अलमल्ल परेको थियो बमबहादुर। 'काका र मेरो हिजै कुरो भइसकेको छ। म बहिनीलाई दसपन्ध्र दिन डुलाएर पछि सरस्वतीसँगै पुऱ्याउन आउँला, भनेर कमलीलाई लिएर...', 'ए राँड ! के भनेर पठाइस् त्यो चिन्नु न जान्नुको मानिससँग मेरी छोरीलाई ?' स्वास्नीको कुरा पूरा नहुँदै एक्कासि ठुलो स्वरले चिच्याएर हिममायाको शरीरमा लात्ताले हानेको थियो बमबहादुरले। (ठकुरी, २०४८, पृ. १०३—१०४)

बोको खोजेर आएपछि आफूसँगै ल्याएको रक्सी नक्कली भतिजोसँगै बसेर प्युने योजना बनाएको बमबहादुर आफ्नी छोरी पनि विजयबहादुरले उडाएको थाहा पाएपछि उसको जालझेलपूर्ण जीवनको गतिशीलतमा अवरोध आएको छ । यही अवरोधका कारण सोचेको भन्दा भिन्दै परिस्थिति सिर्जना भई उसमा मानसिक आघात परेको हो । त्यसैले उसले जगते आफूसँगै भएको समेत ख्यान नगरी आफ्नै भतिजो भनेर चिनाएको मान्छेलाई एक्कासि उसले 'चिन्नु न जान्नुको मानिस' भनेर गोप्य कुरा उप्काएको हो । ठुलो स्वरले चिच्याउनु र पत्नीलाई लात्ताले हान्नु नै उसमा अभिघात भएको पुष्टि गर्ने प्रारम्भिक घटना हुन् । त्यसपछि 'होइन, त्यो मेरो भतिजो होइन । फटाहा हो त्यो । केटी बेचेर खाने फटाहा...हे भगवान् अब मेरी छोरीलाई कहाँ लगेर बेच्ने होला ....भेटेँ भने त्यसको घाँटी छिनाउँछु' भन्दै नाङ्गो खुकुरी हातमा लिएर अन्धकारतिर दगुर्नुले पनि ऊ पूर्ण रूपले अभ्याहत भइसकेको प्रस्ट हुन्छ । यसरी खराब तरिकाबाटै भए पनि आफ्नो परिवारको आर्थिक अवस्थालाई व्यवस्थित गर्न गाउँका छोरीहरूको दलाली गरेको बमबहादुर अन्तिममा आफ्नै छोरीको सुरक्षा गर्न नसकेपछि विच्छिप्त भएर बहुलाएको छ ।

### ६.३ उत्तर अभिघात अवस्था

उत्तर अभिघात अवस्थाचाहिँ चोटले पारेको प्रतिक्रिया हो । यसमा पात्रको व्यवहार, सोचाइ, जीवनपद्धति असामान्य देखिन्छन् । विशेष गरी चोटको क्षण सम्झना हुनासाथ उसमा तुरुन्तै परिवर्तन देखा पर्छ । पात्रको यसै विचलित अवस्थालाई 'उत्तर अभिघात तनाव अव्यवस्था' (PTSD= Post Traumatic Stress Disorder) भनिन्छ । क्याथी क्यारुलले यस चरणलाई पात्रको व्यक्तित्व रूपान्तरणअन्तर्गतको जलन (burning) को अवस्थाका रूपमा चिनाएकी छन् । उनका अनुसार अभिघातको तेस्रो वा चरमोत्कर्ष अवस्था मानिएको यस चरणमा पात्रका मानसिक विच्छिप्तताहरू परिपाक अवस्थामा पुग्छन् (शर्मा, २०६८, पृ. ११८) । पात्रमा देखा पर्ने हिस्टेरिया, हिप्नोसिस तथा सम्मोहन, आत्मविस्मृति, निद्रा नलाग्ने, बहुलापन जस्ता रोग पनि उत्तर अभिघातजन्य तनावअन्तर्गत नै पर्ने ठहऱ्याइको छ । यस्तो अवस्थामा पुगेका व्यक्तिमा बारम्बार पूर्व घटनाको स्मृति हुने, डरलाग्दो सपना देख्ने, छिन छिनमा भ्रमात्मक अनुभव भइरहने हुन्छ भने कुनै सामान्य घटनाबाट पनि दुःखद अवस्था ताजा हुने हुँदा उसले विगतको क्षणलाई पीडादायी अवस्थाका रूपमा अनुभूत गर्न थाल्छ । दुर्घटना भोगेको व्यक्तिको मानसपटलमा उक्त घटना भोग्दाको क्षण नियन्त्रण नै नहुने गरी गहिरोसँग गडेर बसेको हुन्छ ।

'पासो' कथाको अन्त्यतिर बमबहादुर असीम पीडाको भोगाइमा रहेको देखिन्छ । आफू बोका खोज्न जाँदाको पूर्व घटना स्मृतिमा आइरहेका कारण नै उसले मानसिक प्रतिक्रिया देखाउन थालेको छ । गाउँमा कोही नयाँ मान्छे देखिनु जस्तो सामान्य घटनामा पनि ऊ दुःखद अनुभूति गर्न थालेको कुरा कथामा यसरी वर्णन गरिएको छः

> सात वर्ष हुन लाग्यो, बमबहादुर बहुला भएको । ऊ प्राय जसो एकोहोरिएर एकै ठाउँ बसिरहन्छ । कहिलेकाहीँ गाउँमा कुनै नौलो मानिस आयो भने बमबहादुर दगुर्दै जान्छ र त्यसको कठालो समातेर भन्छ, 'बोको छ ? मोटो बोको, पासो थाप्नुपरेको छ मलाई ...पासो...।' (ठकुरी, २०४८, पृ. १०४)

बमबहादुरले नयाँ मान्छे देख्नेबित्तिकै 'बोका चाहियो' भन्दै सोध्नु भनेको आफूले गाउँलेहरूलाई बोकाको मासुमा भुलाएर झुक्याएको र आफू स्वयम् पनि बोका खोज्न गएकै अवस्थामा विजयबहादुरबाट झुक्किएको दुःखद अवस्थाको पुनरावृत्ति हो; आफ्ना कुकृत्यबाट सिर्जित पीडादायी स्मृतिले पछ्याइरहनुको परिणाम हो । बमबहादुरका यस्ता क्रियाकलाप उसको पश्चात्तापको जलन र विच्छिप्तताले उत्पन्न गरेका उत्कर्षका घटना हुन् । यसैका कारण उसको मानसिक अभिघातको चरम अवस्था सिर्जना भएको छ जसले कथाकारले बदमासी गर्ने पात्रलाई उसको

कर्मअनुसारको सजाय दिएर काव्यात्मक न्यायको पालना गरेकी छन् ।

## ७. निष्कर्ष

व्यक्तिको गतिशील जीवनमा अवरोध सिर्जना भएपछि देखा पर्ने शारीरिक र मानसिक विचलनको स्थिति नै अभिघात हो । यसले व्यक्तिमा विच्छिन्नता सिर्जना गर्नुका साथै कतिपय परिस्थितिमा मृत्युन्मुख प्रवृत्ति समेत हाबी गराउँछ । विश्वयुद्धका कारण साहित्यमा बिसौँ शताब्दीको मध्यतिर अभिघात लेखन प्रचारमा आए पनि समालोचनामा भने सन् १९९० को दशकदेखि मात्र यसको प्रभाव देखिएको हो । प्रस्तुत लेखमा विवेचित माया ठकुरीको 'पासो' व्यक्तिगत अभिघात प्रयुक्त कथा हो । यसमा कथा विश्लेषण गर्न प्रयुक्त अभिघातका चरणहरूमध्ये पहिलो पूर्व अभिघात अवस्थाको तुलनात्मक रूपले लामो फेहरिस्त आएको छ र यसबाट अभ्याहत पात्र बमबहादुरको गतिशील जीवनमा देखिएको अवरोध एवम् सत्मार्गबाट भएको उसको प्रस्थानलाई प्रभावकारी ढङ्गले चित्रण गर्न कथा सक्षम छ । अभिघातका घटना र कारण उद्घाटन गरिएको दोस्रो चरणमा कथा पाठकमा जिज्ञासा र आशङ्का पैदा गर्दै बमबहादुरमा देखिएको मानसिक अव्यवस्थाको प्रारम्भिक स्वरूप प्रकटीकरणमा सफल रहेको छ । तेस्रो उत्तर अभिघात अवस्थाको उद्घाटनको क्षण चाहिँ कथामा अति सङ्क्षिप्तमा आएको छ तथापि ऊ बहुलाएको कुरालाई पुष्टि गर्ने उसका क्रियाकलापसहितका स्पष्ट सङ्केतले यसलाई अभिघातको सन्तुलित प्रयोग रहेको कथाका रूपमा स्थापित गरेको छ । यसका साथै 'बमबहादुर' पात्रमा देखिएको अभिघात निश्चित क्रममा अगाडि बढेकाले यसको विश्लेषणमा प्रयुक्त सैद्धान्तिक मान्यताअनुसार यो कथा सबल ठहर्दछ र यसमा पूर्वनिर्धारित सैद्धान्तिक मान्यतामा अतिक्रमण पनि भएको छैन । अतः यस कथाको अभिघात समालोचनाले बमबहादुरको षड्यन्त्र, उसकी छोरी बेचिनुपर्ने घटना एवम् बमबहादुर पागल अवस्थामा पुगेको गरी तीन अवस्थालाई सूक्ष्मताका साथ केलाइएको छ भने उत्तरअभिघात अवस्थालाई षड्यन्त्रको परिणतिका रूपमा देखाइएको छ । यसबाट माया ठकुरीको 'पासो' कथाको अभिघातले पात्रलाई काव्यिक न्याय (पोयटिक जस्टिस) प्रदान गरी पाठकलाई मनोवैज्ञानिक रूपमा सन्तुष्ट पार्ने कलात्मक योजना आयोजना गरेको छ ।

## लेखकको संलग्नता

**डा. बिन्दु शर्मा**
उपप्राध्यापक, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ

## सन्दर्भसामग्री सूची

१. **एटम, नेत्र** (२०७०). नेपाली डायस्पोराका नारी कथाकार र कथा. काठमाडौँ: नेपाल प्रज्ञा–प्रतिष्ठान ।

२. **गिरी, शान्तिमाया** (२०७५). आधुनिक नेपाली कथामा अभिघात. काठमाडौँ: शब्दार्थ प्रकाशन ।

३. **गौतम, कृष्ण** (२०६४). उत्तरआधुनिक जिज्ञासा. काठमाडौँ: भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

४. **ठकुरी, माया** (२०४६). माया ठकुरीका कथाहरू. काठमाडौँ: नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

५. **बराल, कृष्णहरि र एटम, नेत्र** (२०६६). उपन्यास सिद्धान्त र नेपाली उपन्यास (तेस्रो संस्क). ललितपुर साझा प्रकाशन ।

६. **भट्टराई, गोविन्दराज** (२०६४). उत्तरआधुनिक विमर्श. काठमाडौँः मोडर्न बुक्स ।

७. **शर्मा, मोहनराज** (२०६६). आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना. काठमाडौँ: क्वेस्ट पब्लिकेशन ।

८. **शर्मा, बिन्दु** (२०६८). कथाको अभिघात समालोचना. उन्मेष, १२. ११३—१२२।

९. **Caruth, Cathy** (1996). Unclaimed Experience: Trauma, Narrative and History. Balimore: Johns Hopkins Univesity Press.

१०. **Christ, Carole** (1986). Diving deep and Surfacing: Women on Spritual Quest. Baston: Beacom Press.

११. **Herman, Judith Lwis** (1992). Trauma and Recovery: The after math of violence– from domestic abouse to political terror. New York: Harper Collins.

१२. **Miller, Joy Erlicman** (2000). Love carried me home: Women Surviving Auschwitz. Florida: Simcha Press.

१३. **'Trends in literary trauma theory'** (2008). http://goliath.ecnext.com/coms2/gi_0199-8699153/Trends-in-literary-trauma-theory.html

**TO CITE THIS ARTICLE**

Sharma, B. (2024). पासो कथाको अभिघात विश्लेषण (The Trauma Analysis of 'Paso' Story). *International Research Journal of MMC, 5*(5), 59–68. https://doi.org/10.3126/irjmmc.v5i5.73578

**Submitted:** 10 September 2024 **Accepted:** 20 October 2024 **Published:** 31 December 2024

**COPYRIGHT**

©2024 The Author(s). This is an open-access article distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC-BY-NC 4.0), which permits unrestricted use, distribution, and reproduction in any medium, provided the original author and source are credited. See https://creativecommons.org/licenses/by-nc/4.0/

*International Research Journal of MMC (IRJMMC)* is a peer-reviewed open access journal published by Research Management Cell, Makawanpur Multiple Campus, Hetauda